## भविष्य तपाईको लागि महान दिन र तपाईको शत्रुको लागि भने खराब सपना हो

हामी या त हाम्रो गौरवमय दिनबाट आएका छौं, हाल हाम्रो गौरवमय दिन बिताउदै छौ, अथवा हाम्रो गौरवमय दिनको बाटोमा हिड्दै छौं, र सत्य यही हो कि- यसलाई चुन्ने कि नचुन्ने भन्ने हामीमा भर पर्छ । मत्युको घडीमा पनि हाम्रो गौरवमय दिन अडाडि आउँदै छ भन्ने आशिषित ज्ञानले खीष्टियनहरु आशिषित छन् ।

परमेश्वरले हाम्रो शत्रुहरुले हामीमाथि कहिल्यै विजयी हुन दिनु हुन्न भन्ने कुरालाईमनमा याद राख्नुहोस् । उहाँसित योजना छ जुनमा हामो मत्यु, नरक र चिहान पनि समावेश गरिएको छ । यो विजयी योजनामा तपाईको जीवको वर्तमान परिस्थितीहरु र अवस्थाहरुलाई पनि समावेश गरिएको छ । तपाईको गौरवमय दिन तपाईको  शत्रुको खराब अनुभव भविष्यमा लुकेका छन् ।

आजको प्रार्थना:

प्रभु, मेरो भरोसा तपाईमा छ । यो दौड न त छिटो हुनको लागि हो अथवा बलियो हुनलाई गरिएको युद्ध नै हो, तर तपाईले, हे प्रभु, तपाईको इच्छा बमोजिम एउटालाईउचाल्नुहुन्छ र अर्कोलाई तल झार्नुहुन्छ । प्रत्येक चुनौतिहरुमा मलाई विजय दिनुहोस् र तपाई आत्मा र वचनद्धारा मेरो शत्रुहरु माथि मेरो किल्ला हुनुहोस् ।

आजको बाईबल खण्ड:

यर्मिया २९:११ "किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ ।"

१ कोरिन्थी २:९ तर यसो लेखिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचे्का, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका लागि तयार पार्नुभएको छ ।"

२ थेसलोनिकी १:६ "परमेश्वर न्यायी हुनुहुन्छ, उहाँले तिमीहरुलाई दु:ख दिनेहरुलाई दु:ख दिनुहुन्छ"

प्रकाश २०:१० "तिनीहरुलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झुटो अगमवक्ता पनि थिए । त्यहाँ तिनीहरुले दिनरात सदासर्वदै यातना भोग्नेछन् ।

## प्रेम त्यो प्रेम हो जुनले अभिव्यक्तिको माग गर्दछ

" परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँको एकलौटे पुत्रलाई दिनुभयो"... प्रेमले अभिव्यक्तिको माग गर्दछ र प्रेमलाई धेरै जसो दिने क्रियाद्धारा व्यक्त गरिन्छ । येशूले भन्नुभयो कि यदि तिमी मलाई प्रेम गर्दछौं भने, तिमीले मेरो आज्ञा पालना गर्नेछौं । पछिबाट, येशूले पत्रुसलाई भन्नुभयो, " के तिमी मलाई प्रेम गर्दछौं ?" पत्रुसको सकरात्मक जवाफ पछि, येशूले पत्रुसलाई केही गर्न र उहाँको भेड़ाहरुलाई चराउने कामलाई मन पराउँछु भनी देखाउनलाई प्रोत्साहित गर्नुभयो ।

प्रेरित यहून्ना भन्दछन्, यदि कसैसित संसारको धन छ र आ□नो छिमेकीलाई दुःखमा देख्छ र आ□नो छिमेकीको आवश्यकता पूरा गर्न आ□नो धन खर्चन कुनै चासो देखाउँदैन भने तब, कसरी त्यस मानिसको जीवनमा परमेश्वरको प्रेम वास गर्दछ भनी कसैले कल्पना पनि गर्न सक्दछ ? तपाईले प्रेम देख्नुहुन्छ जुन प्रेमले अभिव्यक्तिको माग गर्दछ ।

आजको प्रार्थनाः

परमेश्वर, म तपाईलाई प्रेम गर्दछु र मेरो प्रेम तपाईको नाममा गर्ने सबै मेरो काम र अरु कुराद्धार व्यक्त गर्ने म इच्छा गर्दछु । मेरो प्रेमलाई अतुल्यरुपमा व्यक्ति गर्ने स्वतन्त्रता दिनुहोस् ताकि म यस पृथ्वीमा फैलाईएको तपाईको हात बन्न सकूँ ।

आजको बाईबल खण्ड :

यहून्ना ३:१६ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आ□नो एक मात्र पुत्रलाई दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।

१ यहून्ना ३:१७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आ□ना दाज्यू-भाइलाई खाँचोमा परेको देख्दा उनीहरुप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ ?

यहून्ना १४:१५ तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौं ।

लूका ६:३२ तिमीहरुलाई प्रेम गर्नेहरुसँग प्रेम गर्दछौ भने, तिमीहरुलाई के लाभ भयो ? किनकि पापीहरुले पनि आफूलाई प्रेम गर्नेहरुसँग प्रेम गर्दछन् ।

### मार्च ३

## परमेश्वरबाटको ताजा वचन पाउनलाई सधैं तयार रहनुहोस्

एक दिन, परमेश्वरले स्पष्ट रुपमा अब्राहामसित बोल्नुभयो र उनलाई मोरीयाहको डाँडामा जान र आ□नो छोरा इसहाकलाई बलिदान चढ़ाउनका लागि भन्नुभयो । अब्राहामले तुरुन्तै परमेश्वरको वचनको आज्ञा पालन गरे र डाँडामा गई परमेश्वरको निम्ति वेदी बनाउन पूर्व उनले तीन दिन सम्म यात्रा गरे । त्यहाँ अब्राहामले आ□नो छोरोलाई बाँधे र परमेश्वरको स्पष्ट वचनको आज्ञापालन गर्न उसलाई बलिदान चढ़ाउन तयार भए । जब अब्राहामले आ□नो छोरोलाई बलिदान चढ़ाउन भनी उनको चक्कु उठाए, परमेश्वरको दुत बोल्नुभयो र भन्नुभयो, " त्यो ठिटोलाई हानी नगर ।"

यी मध्ये कुन चाहिँ परमेश्वरको ताजा वचन थियो ? दुवै थिए ! यदि अब्राहाम यी दुवै वचनको पालन नगरेको थियो भने, यो अनर्थकारी हुने थियो । अब्राहाले जस्तै, हामीले परमेश्वरको वचन पालना गर्नु पर्छ र सधैं ताजा वचन पाउनको लागि पनि तयार रहनु पर्छ । कहिलेकाही, हामी बाटो हिड्छौं र गन्तव्यमा पुग्छौं भने, अर्को अन्य समयमा, परमेश्वरले हामीलाई दोबाटोबाट भएर जानको लागि पठाउनुहुन्छ ।

<u>आजको प्रार्थना:</u>

प्रिय प्रभु, म तपाईको वचन मेरो जीवनको अन्तिम आधिकारिकको रुपमा चुन्नलाई स्वीकार गर्दछु । मसित बोल्नुहोस् र तपाईको वचन मलाई निश्चित गरिदिनुहोस् । साथै, पिता, मेरो जीवनको लागि ताजा वचन मसित बोल्नलाई के तपाई इच्छा गर्नुहुन्छ । म मेरो हृदयलाई खुल्ला राख्नेछु र तपाईको आवाज सुन्नलाई मेरो कानहरुलाई ठीक राख्नेछु ।

<u>आजको बाईबलको खण्ड:</u>

उत्पत्ति २२:११-१४ तर परमप्रभुका एउटा दुतले स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम !" तिनले भने, "म यहीँ छु ।" उनले भने, "तेरो हात त्यस केटामाथि नउठा, र त्यसलाई केही नगर् । अब मैले थाहा पाएँ तँ परमेश्वरसँग डराउँदोरहेछस्, किनकि तेरो छोरो, तेरो एकमात्र छोरालाई पनि मबाट तैंले रोकेर राखिनस् ।" अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे । अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे । त्यसकारण अब्राहामले त्यस ठाँउको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे । "परमप्रभुको डाँडामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ ।

**मार्च ४**

## रक्षा, सुरक्षा र बल गहिराई र चौडाईमा छ, तर उचाईमा होइन

के तपाईले कहिल्यै एक माथि अर्को गर्दै अग्लो थाक लगाउनुभएको छ, तबसम्म जब तिनीहरु अस्थिर भई अतः हल्का झट्काले तिनीहरुलाई ढाल्यो ? यो त्यो व्यक्तिको चित्र हो जसको लक्ष्य भनेको व्यक्तिगत सफलताको उचाईमा पुग्नु मात्र हुन्छ । यो एउटा रुख जस्तै हो जुन छिट्टै बढ्छ र अग्लो भई आकाशै छुन्छ र भूईमा जरा गाँड्न र आ□नो सुरक्षाको पकड बनाउने समय नै नलिई न त शक्ति नै नखर्ची, सूर्यैलाई ढाक्दै, त्यसको वर-पर भएको सबैकुरालाई ढाक्दै वृद्धि हुन्छ । हवाको एक हल्का ढक्काले पनि त्यस रुखलाई ढाल्न सक्छ ।

अहिल्यै निर्णय गर्नुहोस् कि तपाई, शिखरमा पुग्नु अघि र तपाईको ताल गुमाउन अघि, अस्थिर हुन अघि, नष्ट हुन अघि, ख्रीष्टलाई थाहा गर्न र परमेश्वरको कुराहरुका चौडाईको गहिराईमा जान चाहिने पर्याप्त समय लिनुहुन्छ ।

### आजको प्रार्थना:

परमेश्वर, आजको दिनमा, म आ□नै ज्ञान र क्षमतामा होइन, तर म भित्र भएको तपाईको वरदान अनुग्रह र शक्तिमा हिड्न सकूँ । आज म तपाईलाई मेरो विश्वासको जगलाई बलियो पार्नको लागि प्रार्थना गर्दछु ताकि म मेरा भयहरुमाथि विजय हुन सकूँ र तपाईको राज्यको एउटा बलियो खम्बा हुन सकूँ ।

### आजको बाईब खण्ड:

लूका ८:११-१४ अब दृष्टान्त यो हो: बीउचाहिँ परमेश्वरको वचन हो । बाटोको छेउमा खसेको बीउ तिनीहरुका हुन्, जसले सुन्छन्, तर वचन सुनेर विश्वास नगरुन् र नबाँचून् भनी दियाबलसले आएर तिनीहरुका हृदयबाट वचन लगिहाल्छ । ढुङ्गेनी जमीनमा पर्नेचाहिँ तिनीहरु हुन्, जसले वचन सुनेर खुशीसाथ त्यो ग्रहण गर्छन् । तर तिनको जरा हुँदैन, र केही समयको लागि तिनीहरुले विश्वास गर्छन्, तर परीक्षाको बेलामा तिनीहरुको पतन हुन्छ । काँढ़ाहरुका बीचमा पर्नेचाहिँ तिनीहरु हुन्, जसले सुन्छन्, तर पछि यस जीवनका चिन्ता, धन, सुख-चैनमा परेर बढ्न पाउँदैनन्, र तिनका फल पाक्न पाउँदैनन् ।

## एउटा व्यक्ति किन मण्डली जान्छ भनी प्राय तिनीहरु मण्डली कहाँ जान्छन् भन्ने कुराको निर्धारण गर्दछ

के कहिल्यै तपाईले मण्डली किन जानुहुन्छ भन्ने कुराको सुची जस्तै बनाउनुभएको छ ? के तपाई मण्डली पूर्ण हुन र रोमांचित हुनलाई जानुहुन्छ ? के तपाई समाजिक र आत्मिक कारणहरु र सम्बन्धहरुका लागि मण्डली जानुहुन्छ ? के तपाई मण्डलीमा साथीहरु बनाउन र अरु विश्वासीहरुसित संगती गर्नलाई जानुहुन्छ ? के तपाई विशेष गरी पाष्टरले प्रचार गरेको वचन मन परेको हुनाले वा पाष्टर नै परेको हुनले अथवा तपाईलाई दिईने सुविधाहरुको कारण वा संगतीको तरिका मन परेको कारण मण्डली जानुहुन्छ ? तपाई मण्डली किन जानुहुन्छ भन्ने कुराको सुची निरन्तरतामा रहन सक्ला ।

तपाई मण्डली किन जानुहुन्छ भन्ने कुरा प्रांयशः तपाई मण्डली कहाँ जानुहुन्छ भन्ने कुराको निर्धारण गर्दछ । यदि तपाई कारणहरु पर्याप्त भएमा परमेश्वरसित प्रार्थना गर्नुहोस् र, यदि तपाई मण्डली परिवर्तन गरिरहन चाहानुहुनछ भने, पहिलो पल्ट गएको मण्डलीको कारणलाई परिवर्तन गर्नलाई काम गर्नुहोस् ।

आजको प्रार्थनाः

प्रभु, मलाई ख्रीष्टको शरीरको एउटा भाग बनाउनुभएको लागि र मलाई एउटा असल स्थानिय मण्डलीमा राख्नुभएको निम्ति तपाईलाई धन्यवाद होस् । मेरो आवश्यकताहरु र इच्छाहरु तपाई चाहे अनुरुप होस् ताकि म अरुहरुसित एउटै दर्शनमा संलग्न हुन सकूँ र यस संसारमा प्रभाव पार्न सकूँ ।

आजको बाईबल खण्डः

लूका ४:१६ उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो । उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो ।

यशैया ५५:१-३ हे सबै तिर्खाउने हो, आओ, पानीनेर आओ । अनि तिमीहरु रुपियाँ नहुने पनि आओ र किनेर खाओ । आओ, विना पैसा र विना दाम दाखमद्य र दूध किन । जे रोटी नै होइन, त्यसको निम्ति किन पैसा खर्च गर्छौ ? अनि जे कुराले सन्तोष नै दिँदैन, त्यसको निम्ति किन परिश्रम गर्छौ ? ध्यान देओ, ध्यान दिएर मेरो कुरा सुन, र जे कुरो असल छ त्यही खाओ, र स्वादिष्ट थोकहरु खाएर तिमीहरुको प्राण सन्तुष्ट हुनेछ । कान थाप, र मकहाँ आओ । सुन, ताकि तिमीहरुकाको प्राण जिओस् । म तिमीहरुसित अनन्त करार बाँध्नेछु, दाऊदलाई प्रतिज्ञा गरेको मेरो विश्वासको प्रेम ।

# जसरी मण्डलीलाई व्यवस्थित गरिएको छ त्यसरी नै मण्डलीले कार्य गर्नुपर्छ

हामीलाई कुनै एउटा कम्पनीमा नोकरी दिईयो अनि एउटा भर्खरै खाएको नोकरीको व्यक्ति भएर त्यस कम्पनीको संरचनाका लागि बनाईएको नियम कानून विरुद्धमा विरोध गर्दछौं र पनि, लामो र लाभदायक भविष्य भएको नोकरीको अपेक्षा गर्दछौं भने त्यो मूर्खया हुनेछ । तात्कालिन आधिकारीक अधिकारीहरु विरुद्धमा जानुले सधैं ठूलो समस्या निम्त्याउन्छ र अरुको फरक विचारहरुलाई व्यापक लोकप्रिय गरी, हामीलाई अलग्याउने काम गर्दछ । कुनै पनि कम्पनीमा नोकरी गर्नु अघि हामीले राम्ररी जाँची हेर्दछौं कि हामी त्यो कम्पनीको वर्तनमा संरचना र नियमको अधिनमा बसेर त्यसको पालना गर्न सकिन्छ कि सकिन्न ।

मण्डलीहरु पनि त्यही कुरा लागु हुन्छ । धेरै मण्डलीहरु छन् जसको विश्वासको जग स्वर्गको एउट मात्र बाटो येशू ख्रीष्ट हुनुहुन्छ भन्ने हुन्छ तर तिनीहरुको मण्डलीलाई संचालनको तौर भन्ने एकदमै फरक हुन्छ । मण्डलीको अधिकारको अधिनमा बस्ने प्रत्येक विश्वासीका लागि परमेश्वरको इच्छा हो जो त्यस मण्डलीको संगतीमा निरन्तरतामा हुन्छ । यसले विश्वासको एकताको जोर्गेना गर्नुका साथै सुसमाचारलाई पनि अघि बढाउँने काम गर्छ । जुन प्रकारले मण्डली संरचित हुन्छ, त्यसरी नै कार्य गर्ने मण्डलीसित अधिकार पनि हुन्छ ।

आजको प्रार्थनाः

पिता, तपाईको घरको बुद्धिमान सेवक हुनलाई मलाई मद्दत गर्नुहोस् । मलाई समभ्कको आत्मा र तपाईले दिनुभएको मण्डलीसित दया देखाउने आत्मा दिनुहोस् । म अरुका लागि आशिष् हुन चाहान्छु तर मेरो आत्मिक अधिकारीहरुलाई समस्या बन्ने होइन ।

आजको बाईबल खण्ड

हिब्रु १३ः१७ तिमीहरुका अगुवाहरुको आज्ञा-पालन गर, र तिनीहरुका अधीनमा बस । किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरुले तिमीहरुका प्राणको हेरचाह गर्छन् । यो काम तिनीहरुले आनन्द साथ गरुन् । दुःख मानेर होइन, नत्रता त्यसबाट तिमीहरुलाई कुनै लाभ हुँदैन ।

याकूब ५ः९ भाइ हो, एउटाले अर्काको विरुद्धमा गनगन नगर, नत्रता तिमीहरु दोषी ठहरिनेछौं । हेर, न्यायकर्ता ढोकैमा हुनुहुन्छ ।

# ग्याँरेजमा वस्दैमा तपाईले कार बनाउन सक्नु हुन्न भने जस्तै मण्डलीमा सहभागी हुँदैमा तपाई खीष्टियन कहिल्यै बन्न सक्नुहुन्न

केवल अनन्तताले मात्र विश्वका सबै मण्डलीहरुमा र खीष्टको मुक्तिको अनुभव गरेको मानिसहरु कतिले यसलाई प्राप्त गर्नेछ । शैताले सबै भन्दा ठूलो छलको अपराध धेरै माथि गरेको यही हो कि उनीहरु सोच्छन् कि मण्डली जाँदैमा स्वर्ग जान सकिन्छ । वास्तविकता हो कि, परमेश्वरले मात्र हाम्रो हृदयको वास्तविकता जान्नुहुन्छ र हाम्रो हृदय हो जुनले हाम्रो अनन्ततालाई निर्धारण गर्दछ (तर यदि हामी मण्डलीमा जाँदैमा वा कुन मण्डली गएको कारणले गर्दा होईन )

वास्तवमा, मण्डली विश्वाव्यापी र अनन्तको छ । हामी खीष्टलाई हाम्रो प्रभु र मुक्तिदाता हुनुहुन्छ भनी स्वीकार गरि ग्रहणमा मात्र "मण्डली"को सदस्य हुन्छौं । के तपाई वास्तवैमा खीष्टियन हुनुहुन्छ कि देखावटीका लागि मात्र ? आजै खीष्टलाई तपाई जीवनमा निमन्त्रणा दिनुहोस् र उहाँले तपाईको नाउँलाई थुमाको जीवनको पुस्तकमा लेख्नुहुनेछ !

आजको प्रार्थना:

पिता, म वास्तवमा नै एउटा साँचो खीष्टियन हुन चाहना गर्छु । मेरो पाप क्षमा गर्नलाई र मेरो जीवनमा आउन तपाईसित विन्ति गर्दछु । तपाईको नाउँको खातिर मलाई तपाईको धार्मिकताको मार्गमा दोहोऱ्याउनु होस् । म विश्वास गर्छु कि, मेरो हृदय परिवर्तन भएको छ र म एउटा खीष्टियन भएको छु !

आजको बाईबलको खण्ड:

प्रेरित ११:२६ जब तिनले उनलाई भेट्टाए तब उनलाई एन्टिओखियामा ल्याए । तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरुसँग तिनीहरुको भेटघाट गरिरहे, र मानिसहरुको ठूलो समूहलाई शिक्षा दिए । चेलाहरु पहिलो पटक एन्टिओखियामा नै खीष्टियन भनिए ।

याकूब १:२२ तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ ।

## पाक शिक्षा अध्ययन गर्नु भनेको केक पकाउनु होइन

जीवनमा हामीसित धेरै असल अभिप्राय हुन सक्छन्, तिनीहरुलाई तपाईले "गर्नु पर्ने काम"को सुचीमा सुचिगत गर्नुहोस्, तर तिनीहरुलाई व्यवहारमा ल्याउनको लागि कार्य नगरे सम्म केही काम र मतलबको हुँदैनन् । हाम्रो खीष्टियन हिडाईमा, हामीलाई मुक्ति र धर्मी जीवन जिउने शिक्षा दिईएको छ । यसलाई पढ्नाले मात्र तपाईले आत्मिक खाना पकाउन सक्नुहुन्न । हामीले यसलाई ग्रहण गरेका र त्यसपछि परमेश्वरको प्रतिज्ञाको कटनी गर्नलाई परमेश्वरको वचन अनुसार गरेको अपेक्षा राखिएको छ । जब तपाईले परमेश्वरको वचन अनुसार के गर्ने भनी जान्नुहुन्छ, यदि तपाईले आज्ञाकारितामा त्यसको प्रतिउत्तर दिनुहुन्न भने तपाईले कसैलाई होइन तर आफैलाई मात्र दोष लगाउन सक्नुहुन्छ किनभने तपाईलाई चाहिएको आश्चार्यकर्म तपाईको आज्ञाकारिबाट शुरुवाट हुनेछ ।

आज परमेश्वरको वचनसित तपाईको विश्वासलाई मिसाउने एउटा समान्य काम गर्नुहोस् र तपाईको जीवन उन्नतभएको, मिठास भएको र पहिलेको भन्दा बढी अर्थपूर्ण भएको कुरालाई अनुभव गर्नुहोस् ।

आजको प्रार्थना:

पिता, तपाईको अद्भूत वचनको निम्ति तपाईलाई धन्यवाद छ । यो एउटा उन्नत, सुखी र स्वस्थ्य जीवनको आधारभूत शिक्षा हो । यसलाई पढ्ने मात्र होइन तर तपाईको महिमाको निम्ति यसलाई गर्ने व्यक्ति बन्न मलाई सहायता गर्नुहोस् ।

आजको बाईबल खण्ड:

याकूब ४:१७ यसकारण जसले भलाई गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ ।

हिब्रु ४:२ किनकि हामीलाई पनि तिनीहरुलाई झैं सुसमाचार प्रचार गरिएको हो । तर सुनेको वचनले तिनीहरुलाई केही फाईदा भएन, किनकि सुन्नेहरुले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन् ।

याकूब २:२६ जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरुदेखि अलग हुँदा मरेको हुन्छ ।

# बोलावट र बोझ बीचको भिन्नता

बोलावट आउनलाई गरिएको एउटा निमिन्त्रणा हो र सेवकाईको कुनै खास क्षेत्रमा जीवन भर सेवा गर्नलाई तयार हुनु हो । धेरैलाई बोलाईएको छ तर थोरै चुनिएका छन् । धेरैलाई बोलाइएको हुनु र थोरैलाई चुनिनुको कारण थोरै व्यक्तिहरुले मात्र तयारी हुनलाई समय र शक्ति खर्चने भएकोले गर्दा नै हो । बोलावट जीवन भरिको लागि हो, जेहोस्, परमेश्वरले केही गर्नलाई आवश्यकता नजिता बोझ हुन सक्छ र कसैको सहायता बिना नै, उहाँले त्यो बोझ तपाईले बोक्नुभएको चाहानुहुन्छ । बोलावटहरु जस्तै, बोझहरु प्राय समय सँगै अथवा जब काम पूरा हुँदछ, उचाईमा पुग्छ । एउटा समस्या यो हो कि धेरै चोटी हामीलाई थाहा हुँदैन कि परमेश्वरसित जबसम्म प्रार्थना गर्दैनौं, हामीले बोलावट पायौं ( जुनलाई तयारीको आवयश्कता छ), वा हामीलाई बोझ दिईयो (जुन सधैं तत्काल सेवकाईको चासोको माग गर्दछ) भनी थाहा हुँदैन । जीवन भरिको समर्पण अघि नै निश्चित रुपमा यो बोलावट हो वा परमेश्वरद्धारा दिईएको बोझ हो भनी थाहा गर्नुहोस् ।

आजको प्रार्थना:

परमेश्वर, मेरो जीवनमा नयाँ बोझहरुलाई पहिचा गरिराख्न मलाई मद्दत गर्नुहोस् र मेरो जीवनमा तपाईले दिनुभएको बोलावटको कामलाई निरन्तर गरिराख्न सहायता गर्नुहोस् । तपाईले दिनुभएको बोलावटको काम गर्दा-गर्दै मर्नु म चाहान्छु । तपाईले गर्नलाई बोलाउनुभएको काममा मलाई सक्दो उत्कृष्ट बनाउनुहोस् । तपाईले चाहानुभएको बोझ मलाई दिनुहोस् र मलाई तपाईको राज्यमा सदा सेवा गर्न दिनुहोस् ।

आजको बाईबल खण्ड:

मत्ति २२ :१४ किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन् ।

२ पत्रुस १: १० यसैकारण भाइ हो, तिमीहरुको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरु कहिल्यै लोट्नेछैनौं ।

गलाती ६:२  एउटाले अर्काको भार उठाओ, र यसरी खीष्टको व्यवस्था पूरा गर ।

# बिना सिमाहरुको निरिक्षण अपेक्षाहरु पाल्नु गलत हुन्छ वा योग्यताहरु जुनले संलग्नतालाई इन्कार गर्न सक्छ

के तपाई कहिल्यै तपाईले गर्न चाहानुभएको काम गर्न उत्सुक हुनुभएको छ ? तब तपाईले एउटा अर्को व्यक्तिलाई वा धेरै व्यक्तिहरुलाई तपाईसित सो काम गर्नलाई निमन्त्रणा दिनुभयो । तपाई उत्सुक हुनुहुन्थ्यो किनभने तपाईले यो अद्‌भुत दर्शन कस्तो देखिने छ पनि चित्र कोरिसक्नु भएको थियो । हुनसक्ला यो एउटा बोलावट, एउटा सेवकाई यात्रा, वा एउटा जन्मदिन पार्टि थियो, जुनलाई तपाईले राम्रोसित पूर्णरुपले याद गर्नुभएको थिएन । जब यसलाई दिने तपाईको समय नजिक आयो, यो अति महङ्गो, जोखिम देखियो, तोकिएको मितिमा काम हुन नसक्ने भयो, वा हुन सक्छ यो तपाईको यात्रा थिएन, तर अरु कसैको मतहातमा थियो र तपाईले तिनीहरुको औपचारिक स्वीकृति लिनलाई चासो देखाउनुभएन । यस्तो खालको अनुभव तपाई कहिल्यै पनि नगरेको हुन सक्ला, तर, यो निर्दोष असल देखिने मानिस प्रायै सबैलाई नै हुन्छ । याद राख्नुहोस् कि, कसैलाई दर्शनले भरिदिनु र तपाई पुऱ्याउन सक्नुहुन्छ भन्ने कुरामा निश्चित नभए सम्म अपेक्षा राख्नु गलत हो ।

आजको प्रार्थना:

पिता, मलाई बुद्धिमान, ज्ञानी र धर्यवान हुनलाई मद्दत गर्नुहोस् । मलाई महत्वपूर्ण कुराहरु बुझ्नलाई मद्दत गर्नुहोस् ताकि मानिसहरुलाई म कही अन्तै अगुवाई गरी, तिनीहरुलाई अलपत्र नगरुँ । पिता, जहाँ म कमजोर छु, मलाई थाहा छ कि तपाई बलियो हुनुहुन्छ, जसकारण मैले देख्न सक्ने भन्दा अगाडिको योजनामा मलाई मद्दत गर्न तपाईमा भर पर्न सकूँ ।

आजको बाईबल खण्ड:

हितोपदेश २९:१८ जहाँ दर्शन-प्रकाश छैन, त्यहाँ मानिसहरु भाँड़िन्छन् । तर त्यो धन्य हो, जसले व्यवस्था पालन गर्छ ।

हितोपदेश १४:१५ बेवकूफ मानिसले जुनसुकै कुरा पत्याउँछ, तर समझदार मानिसले आ□ना पाइलाहरु सर्तकसाथ चाल्छ ।

लूका १४:२८ तिमीहरुमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्धाउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र ?

**मार्च ११**

# आफैमा सत्यता राख्नु झुटो होइन

राजा हिजकियाले ( २ राजा २०, यशैया ३९) बेबिलोनबाट आएका आगुन्तुकहरुलाई गलतीपूर्वक आ□ना घरको सबै धन देखाएर एउटा चिहान बनाए । उनले तिनीहरुलाई चाँदी, सुन, मसला, सुगन्धित तेल, आ□ना सबै हतियार र सबै बहुमूल्य थोकहरु देखाए । अगमवक्ता यशैयाले उनको यो मूर्खतापूर्ण व्यवहारको निम्ति हप्काएँ । किनभने हिजकियाले आफ्नो शत्रुहरुलाई सबै कुरा देखाउँने सहास गरेको थियो, अब उनले, परमेश्वरको वचनबाट, अन्तमा सबै गुमाउनलाई नियुक्त गरियो ।

येशूले मत्ति ७ अध्यायमा भन्नुभयो कि हाम्रो मोतीहरुलाई सुँगुरका अघि नफाल्नलाई भन्नुभयो किनभने त्यसलाई त्यी मोतीका मूल्य थाहा हुँदैन तरबरु, त्यसमाथि टेक्छ र फर्केर हाम्रै विरुद्धमा आउँछ । तपाईको बहुमूल्य कुराहरु दिनुभएको व्यक्तिसित  तपाई सजग रहनुहोस् । परमेश्वरले तपाई दिनुभएको कुराको दुरुपयोग हुनबाट, गलत काममा प्रयोग हुनबाट बचाउनुहोस् वा तपाईको विरुद्धमा प्रमाण र मौकाको रुपमा प्रयोग हुनबाट बचाउनुहोस् ।

<u>आजको प्रार्थना:</u>

प्रिय परमेश्वर, मैले अरु जे दिन्छु र कुन व्यक्तिलाई दिन्छु, त्यससित सर्तक हुन मलाई सिकाउनुहोस् । मेरो विनाश गर्न चहाने व्यक्तिलाई मैले जानेको सबै कुरा भनेर मूर्खको नीच देखाउने जालबाट मलाई मद्दत गर्नुहोस् । मलाई बुद्धिमान बनाउनुहोस् । आमेन ।

<u>आजको बाईबल खण्ड:</u>

हितोपदेश १३:३ आ□ना ओठको रखवाली गर्नेले आ□नै जीवन सुरक्षित पार्छ । तर असावधान बोलीले सर्वनाश ल्याउनेछ ।

यूहन्ना ८:६  तर तिनीहरुले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए । येशूले निहुरेर भूईँमा औंलाले लेख्नुभयो ।

हितोपदेश २६: ४-५ मूर्खलाई त्यसको मूर्खताअनुसारको जवाफ नदे, नत्रता तँ आफै पनि त्योजस्तै हुनेछस् । मूर्खलाई त्यसको मूर्खताअनुसारको जवाफ दे, नत्रता त्यो आ□नै नजरमा बुद्धिमान् हुनेछ ।

## मण्डली परमेश्वरको कामको स्मरणलाई जोर्गेना गर्ने रेफ्रिजेटर होइन तर बरु परमेश्वले इच्छा गर्नु भएको कामलाई जन्म दिने एउटा यन्त्र हो

समान्यतया दुई किसिमका मानिसहरु हुन्छ भनी हामीलाई भनिएको छ.... एउटा जसले ईतिहास पढ्छ र अर्को जसले ईतिहास बनाउँछ । यो मण्डलीको सन्दर्भमा पनि सत्य हुन सक्छ । परमेश्वरको वचनले हामीलाई उहाँको राज्य बढाउन र प्रगति गर्नलाई सत्यता, सिद्धान्त र तरिका दिन्छ । सबै मण्डलीले परमेश्वरको काम सिकाउने काम गर्न मात्र सफल भए र कहिल्यै विश्वासीहरुलाई परमेश्वरले के गरेको चाहानुहुन्छ त्यो काम गर्नलाई प्रेरित गरेनन् जसकारण मण्डली प्रभावहीन भएको छ ।

खीष्टियन हुनु भनेको परमेश्वरको बारेमा र उहाँले विगतमा के गर्न चाहानुभएको थियो भनी सिक्नु मात्र भन्दा बढी हो । यो उहाँलाई व्यक्तिगत रुपमा चिन्नु र आज उहाँले हामीबाट गर्न चाहानुभएको काममा संलग्न हुनु पनि हो । हामीले परमेश्वरको वचनको संरक्षण गर्नुका साथै यसको सेवा पनि गर्नु पर्दछ !

आजको प्रार्थना:

पिता, मलाई ईतिहास कोर्नलाई तपाईले बनाउनुभएको निम्ति धन्यवाद छ । तपाईको मेरो जीवनको योजनामा एउटा सकिया सहभागी हुन म चाहान्छु । कृपया मलाई तपाईको राज्य बढाउनलाई शक्ति, क्षमता र जोश दिनुहोस् । मेरो भविष्यको लागि धन्यवाद, परमेश्वर ।

आजको बाईबल खण्ड:

याकूब १:२२ तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ ।

रोमी ४:२३-२४ धार्मिकता "गनिएको हो" भन्ने यो वचन उनैको खातिर मात्र लेखिएको होइन, तर हाम्रा निम्ति पनि हो । हामी जसले येशू हाम्रा प्रभुलाई मरेकाहरुबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौं, यो हाम्रा निम्ति पनि गनिनेछ ।

याकूब २:२० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ ?

# स्वर्गमा पुगी सक्नुभएपछि किन म चाँडै यहाँ आईन भनी तपाई एउटै मात्र कुरामा चुकचुकाउनु हुन्छ

बाईबलले बताउँदछ कि  परमेश्वरले स्वर्गलाई अति सुन्दर तरिकाले बनाउनुभयो, त्यसको सिमाको वास्तविक अद्भूतताको हामी कहिल्यै कल्पना पनि गर्न सक्दैनौं । तपाई गर्नु हुने त्यो अद्भूत अनुभवको कल्पाना गर्नुहोस्... सुनको सडकहरु, कुन दुःख छैन, थोपा आँशु छैन, कुनै पाप छैन ... तपाई कहिल्यै थाक्नु हुन्न अथवा भोगाउनु हुन्न, र त्यहाँको वातावरण एकदम प्रत्याकूल हुन्छ । हामीले गरेको कल्पना भन्दा पनि अझ राम्रो हुन्छ भनी परमेश्वर भन्नुहुन्छ ।

मलाई विश्वास गर्नुहोस्, हामी भन्दा अघि गएका मानिसहरु सबै नै, यहाँ हामी भन्दा बढी नै आनन्दमा छन् र, म विश्वास गर्छु कि, उनीहरु जहाँ छन् त्यही रहनलाई उनीहरुलाई स्वतन्त्रता दिईएको छ । विश्वासी जसले यस पृथ्वीमा अन्ति सास लिन्छन्, हामी निश्चित हुन सक्छौं कि सुन्दर दिनले तिनीहरुलाई पर्खिबसेको छ ।

## आजको प्रार्थना:

परमेश्वर, एउटा अद्भूत भविष्यको लागि तपाईलाई धन्यवाद छ । म अनन्तताको बारेमा उत्सुक छु । पिता, तपाईको वचनले मलाई तपाईको अगमन नभएसम्म राज्यको विस्तारको काममा व्यस्त हुनलाई सिकाउँछ । तपाईको राज्य यस संसारमा निमार्ण गर्नलाई मैले गर्न सक्ने सबै काम गर्नलाई म समपर्ति हुँदछु । संसारमा दिईएको मेरो समयको असल भण्डारे कसरी हुने भनी मलाई देखाउँनु होस् र मेरो जीवनको लागि तपाईको अनन्तको दृष्टिकोण पनि मलाई दिनुहोस् ।

## आजको बाईबल खण्ड:

१ कोरिन्थी २:९ तर लेखिएको छ, “आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ ।”

१ पत्रुस १:४ स्वर्गमा तिमीहरुका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् ।

प्रकाश १४:१३ अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, “ यो लेखः अब उप्रान्त प्रभुमा मर्नेहरु धन्यका हुन् ।” आत्मा भन्नुहुन्छ, “ हो, तिनीहरुले आ□नो-आ□नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरुका काम तिनीहरुका पछि लाग्नेछन् ।”

## कठिन भनाई भनेको त्यो हो जुन तपाईले वर्तमानमा गर्नु हुन्न

एक दिन येशू एउटा भीड़सित बोल्दै हुनुहुन्थ्यो र उहाँले तिनीहरुलाई भन्नुभयो कि यदि तिनीहरु उहाँलाई पछ्याउन चाहान्छन् भने तिनीहरु उहाँ जस्तै हुनुपर्छ, र आफैलाई इन्कार गर्नु पर्छ । भीड़बाट कसैले भने कि येशूले उहाँलाई पछ्याउनेहरुबाट अति धेरै नै कुराको माग गर्दै हुनुहुन्छ । उहाँको कठोर प्रतिउत्तर पछि, भीड़बाट केहीले यसो गर्न अति कठिन छ भनी भन्दै उहाँलाई पछ्याउन छाडे ।

के कुरा येशूलाई पछ्याउँदा अति कठिन छ ? जुनसुकै कुरा जुन तपाई समपर्ण गर्नलाई अनइच्छुक हुनुहुन्छ । यो दशांश हुन सक्छ, गवाही दिने काम हुन सक्छ, परमेश्वरले नियुक्त गर्नुभएको अधिकारी प्रति समर्पित हुनु हुन सक्छ, क्षमा दिने हुन सक्छ, वा शत्रुलाई प्रेम गर्नु हुन सक्छ । कठिन भनाई भनेको त्यो हो जुन तपाईले वर्तमानमा गर्नु हुन्न । त्यस दिन भीड़का अरुहरुले येशूको मागसित आफूलाई दिए र तिनीहरुको जीवनको रोटी हुनुहुन्छ भनी भनिएको व्यक्तिको कुरा घोषणा गरे । तपाईको लागि यो कुन हो एउटा कठिन भनाई वा जीवनको रोटी ?

आजको प्रार्थना :

पिता, मेरो परिस्थिीहरु, मेरो भावनाहरु, र मेरो इच्छा भन्दा तपाईको वचन बढी महत्वपूर्ण छ भनी म विश्वास गर्दछु । तपाई वचन मेरो जीवनको कठिनाईहरुका लागि एउटा सरल समाधान हो भनी स्वीकार्नलाई म छनौट गर्दछु । तपाइले मबाट गर्न चाहानुभएको काम जुन मैले गरिरहेको थिईन सो गर्न गर्नलाई म एउटा मल्यवान निर्णय लिदँछु । प्रभु, भीड़सित दौडने होइन तर तपाईको वचनलाई मेरो दैनिक भोजनको रुपमा स्वीकानलाई सहायता गर्नुहोस् ।

आजको प्रार्थना:

यहून्ना ६:६०-६१, ६६-६८ यो सुनेपछि उहाँका चेलाहरुमध्ये धेरैले भने, “यो कठिन वचन कठोर छ, कसले यो सुन्न सक्तछ र ?” तर उहाँका चेलाहरु यस विषयमा गनगनाउँदै छन् भनी जानेर येशूले तिनीहरुलाई भन्नुभयो, “के यी कुरा तिमीहरुका निम्ति ठोकरको कारण भइरहेछ ?” यसपछि उहाँका चेलाहरुमध्ये धेरै जना पछि हटे, र उहाँसँग हिँड्न छोड़े । येशूले बाह्रैलाई भन्नुभयो, “के तिमीहरु पनि मलाई त्यागेर जाने ?” सिमोन पत्रुसले जवाफ दिए, “हे प्रभु, हामी कसकहाँ जाऔं ? तपाईसित अनन्त जीवनका वचन छन् ।”

## यदि यो वास्तवमा नै तपाई येशू हुनुहुन्छ भने, तपाईबाटको आश्चर्यकर्म नभई गर्न नसक्ने असम्भव कुनै काम गर्न मलाई भन्नुहोस्

यदि जीवनमा तपाईको क्षमताले गर्न सक्ने काम मात्र गर्दै हुनुहुन्छ भने, तब हुन सक्ला परमेश्वरले तपाईको जीवनमा धेरै काम गर्दै हुनुहुन्न । मत्ति १४ मा, पत्रुसले येशूलाई सोधें, " यदि यो तपाई साँच्चै हुनुहुन्छ भने... मलाई आउनलाई आज्ञा दिनुहोस्..." कुनै काम गर्न जुन मेरो आ□नो क्षमता भन्दा बाहिर छ । अर्को क्षणमै हामी पत्रुस पानी माथि हिड्दै गरेको हामी पाउँछौं ।

परमेश्वरले समान्य मानिसहरु जसले उनीहरुको जीवनमा उहाँलाई काम गर्न दिन्छन्, त्यो व्यक्तिको खोजिमा हुनुहुन्छ, त्यो काम गर्न जुन तिनीहरुको क्षमता भन्दा बाहिर छ, र विलक्षणको काम गर्न । तपाईको विश्वासलाई जगाउनुहोस् र जब परमेश्वरले तपाई क्षमताहरु भन्दा परको अगुवाई गर्नु हुँदा तपाई अचम्मित नहुनुहोस् । जसले तपाईलाई बोलाउनु भयो उहाँले नै तपाईको संरक्षण गर्नु हुन्छ र उहाँ जसले तपाईलाई देखाउनुभयो, उहाँले नै तपाईलाई जुटाउनुहुन्छ ।

आजको प्रार्थनाः

परमेश्वर, जीवनमा तपाईको दैनिक रुपमा जुटाउनुभएको कुराहरुमा जिउँदै गरेको समान्य जीवनमा तपाईको इच्छा पूरा गर्न मेरा वरदानहरु र योग्यताहरुको अभ्यास गर्दै ठूलो बन्न चाहान्छु । तैपनि, पिता, म आश्चर्यकमहरु जुन मेरो क्षमता भन्दा पर छ त्यसलाई पनि अनुभव गर्न चाहान्छु, र जुन मेरो विश्वास र तपाईको अनुग्रहबाट मात्र गर्न सम्भवछ । मेरो जीवन तपाईलाई दिदँछु । मलाई चलाउनुहोस् ।

आजको बाईबल खण्डः

मत्ति १४:२८ पत्रुसले उहाँलाई भने, "हे प्रभु, तपाई नै हुनुहुन्छ भने, मलाई तपाईकहाँ पानीमाथि आउने आज्ञा दिनुहोस् ।"

दानियल ११:३२ करार भङ्ग गर्नेहरुलाई त्यसले झूठो प्रशंसा गरेर भ्रष्ट पार्नेछ, तर आ□ना परमेश्वरलाई चिन्नेहरुले दृढ़तासाथ त्यसको विरोध गर्नेछन्

प्रेरित १९:११ परमेश्वरले पावलको हातबाट असाधारण आश्चर्य कामहरु गर्नुभयो ।

यशैया ४०:३१ तर परमप्रभुको आशा गर्नेहरुको बल फेरि नयाँ हुनेछ । तिनीहरु गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरु थाक्नेछैनन् । तिनीहरु हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन् ।

## तपाईको भित्री तीव्रा चाहानेले मात्र अरुको तीव्र चाहानालाई सल्काउँछ

परमेश्वरको व्यवस्थाले भन्दछ कि हरेक बिउले आ□नै किसिमको फल उत्पादन गर्दछ । यदि हामी मकै चाहान्छौं भने, हामीले मकै नै रोप्नु पर्छ । यदि हामी गहूँको इच्छा गर्छौं भने, हामीले गहूँ नै रोप्नु पर्दछ । यो एउटा प्राकृतिक नियम मात्र नभई आत्मिक नियम पनि हो । परमेश्वरको गिल्ला हुँदैन । मानिसले जे रोप्छ त्यही फलाउँदछ ।

अरुहरुसित परमेश्वरको वचनको सत्या बाँड्ने मात्र नभई, यदि तपाईले एउटा साँचो रुपले स्वीकार्नु भएको छ भने, र तपाईले बाँड्नुभएको सत्यता बारेमा तीव्र चाहाना राख्नु हुन्छ भने, तिनीहरुको जीवनको तीव्र चाहानालाई सल्काउने काम गर्नेछ । तपाईले भन्नु भएको कुरा अरुको मनमा तब सम्म सल्कदैन जब सम्म त्यो तपाई मन पहिला सल्केको हुँदैन । अरुहरुसित बाँड्नलाई परमेश्वरले दिनुभएको सन्देश निधारण गर्ने यो एउटा तरिका हुन सक्ला । तपाई के कुराको भित्री देखि तीव्र चाहाना राख्नु हुन्छ ? तपाई वास्तविक दृढ़ विश्वास के हो ? जीवन परिवर्तन गर्ने कुन परमेश्वरको वचन तपाईलाई दिईएको छ ? परमेश्वरले तपाईलाई दिनुभएको तीव्र चाहाना सहित दिनुभएको तपाईको दृढ़ विश्वास अरुहरुलाई भन्न कहिल्यै पनि नडराउनु होस् ।

आजको प्रार्थना:

पिता, म तपाईको वचन सत्य छ भनी विश्वास गर्दछु र त्यसमा निश्चित छु । मसित विश्वास छ, र मेरो गवाहीले सुन्नेहरुको जीवनलाई परिवर्तन गर्दछ भनी मलाई थाहा छ । प्रभु, मेरो विश्वास, मेरो तीव्र चाहाना र उत्साहसितको दृढ़ निश्यितालाई स्वतन्त्र गर्दछु । आमेन ।

आजको बाईबल खण्ड:

यहून्ना २:१७ उहाँका चेलाहरुलाई धर्मशास्त्रमा लेखिएको यो कुरा याद भयो, “तपाईका भवनको जोशले मलाई जलाउनेछ ।”

गलाती ६:७ धोखामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्तछ त्यसैको कटनी पनि गर्नेछ ।

भजन संग्रह ६९:९ किनकि तपाईका भवनको जोशले मलाई जलाएको छ, तपाईलाई निन्दा गर्नेहरुको निन्दा ममाथि आइपरेको छ ।

# सानो बादलबाट ठूलो पानी पर्न शुरु हुन्छ

१ राजा १८:४४ सातौं पल्टमा चाकरले भन्यो, ”मान्छेको हात जत्रो एउटा बादल समुद«बाट उठ्दैछ। तब एलियाले त्यसलाई भने, “गएर आहाबलाई भन, ‘आ□नो रथ तयार गरेर तल गइहाल्नुहोस्, नत्रता तपाईलाई पानीले रोक्नेछ।’” यसै बीचमा कालो बादलले आकाश छायो, हुरी चल्यो र ठूलो पानी पर्न लाग्यो, र आहाब आ□नो रथमा चढ़ेर यिजरेलमा गए। परमप्रभुको शक्ति एलियामाथि पर्‍यो, र आ□नो खास्टो पटुकामा लपेटेर तिनी यिजरेलसम्मै आहाबको अगि-अगि बाटोमा कुदे।

परमेश्वरको महान कामहरु मानिसहरुको जीवनमा एकदम सानो र प्राय गरी महत्वहीन तरिकाले शुरु हुन्छ। कठोर कटुको रुखको सुरुवात एउटा सानो बिउबाट हुँदछ। तपाईको जीवनमा आज परमेश्वरले के शुरु गर्दै हुनुहुन्छ ? परमेश्वरको समयमा, तपाईको जीवनमा परमेश्वरको महान काम गर्नलाईं सानो कुराबाट शुरु गर्नुहुनेछ ... यो आजैबाट शुरु हुन सक्दछ।

आजको प्रार्थना:

पिता, तपाईले मेरो जीवनमा शुरु गर्नुभएको असल कामलाई पूरा गर्दै हुनुहुन्छ, त्यसको लागि तपाईलाई धन्यवाद छ। म तपाईको पुत्रको रुप समान बनिन आफूलाई उपलब्ध गराउँदछु। कृपया मेरो जीवनको लागि तपाईको उद्देश्य दिनुहोस् र तपाईले आज दिनुभएको सानो आशिषलाई स्राहना गर्न मलाई सहायता गर्नुहोस्।

आजको बाईबल खण्ड:

मत्ति १३:३१-३२ येशूले तिनीहरुलाई अर्को दृष्टान्त भन्नुभयो, “स्वर्गको राज्य रायोको दानाजस्तो हो, यो एक जना मानिसले लगेर आफ्नो बारीमा रोप्यो। त्यो सबै बीउहरु सानो हुन्छ, तर जब बढ्छ, तब त्यो सबै सागपातहरु भन्दा ठूलो हुन्छ र रुख नै भइहाल्छ। आकाशका चराचुरुङ्गीहरु आएर त्यसका हाँगाहरुमा गुँड़ लाउँछन्।”

लूका १७:६ प्रभुले भन्नुभयो, “तिमीहरुमा रायोको दाना जति पनि विश्वास भएदेखि तिमीहरुले यस किम्बुको रुखलाई, ‘तँ उखेलिएर समुद«मा रोपिन जा’ भन्यौं भने, त्यसले मान्नेछ। ”

## सोचाईको परिवर्तनले उचाईमा परिवर्तन ल्याउन सक्छ

प्राय हामी सुन्छौं“सोचाई नै सबै कुरा हो ।” के कुरा निश्चित रुपमा हो भने सोचाईको एउटा सानो परिवर्तनले हाम्रो जीवन बद्लन सक्दछ । हाम्रो जीवनमा सोचाई एउटा कुरा हो जुनलाई हामी नियन्त्रण गर्न सक्दछौं । प्राय गरी हाम्रो सोचाई हामीले देख्ने, सुन्ने र अनुभव गर्ने कुराहरुद्धारा आउँदछ । के को बारेमा हामी सोच्दछौं भन्ने कुराले हामी कस्तो किसिको व्यक्ति हौं र हामी के भन्दछौं अनि, के गर्दछौं भन्ने कुरामा एउटा ठूलो प्रभाव पार्दछ । हाम्रो सोचाईले हाम्रो जीवनको सबै महत्वपूर्ण क्षेत्रहरुमा प्रभावित पार्दछ : हाम्रो परिवारलाई, हाम्रो मण्डलीलाई, हाम्रो कामलाई, र अरु व्यक्तिहरुलाई पनि ।

यदि ममा रहेको सोचाई जुनलाई म परिवर्तन गर्न सक्दछु त्यसलाई चिने भने, त्यहाँ आशा छ । खराब सोचाईलाई परिवर्तन गर्ने एउटा उत्तम मार्ग भनेको येशू ख्रीष्टलाई मेरो जीवनको प्रभू बनाउनु हो र त्यो समपर्णतालाई दैनिकरुपमा नविकरण गरिराख्नु हो । “यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पूरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।” (२ कोरिन्थी ५:१७) एउटा असल सोचाई प्रतिको मेरो प्रतिवद्धतासित, म पहाडहरुलाई हटाउन सक्दछु । मेरो सोचाई नकारात्मक, सकारत्मक जेभएतापनि,वा बीचको भएतापनि, मेरो भूमिकाको इच्छाबाट, र यो सफलताको नयाँ अकाशिने उचाई भएको कारणले गर्दा मेरो जीवनलाई बदलिदिने परमेश्वर हुनुहुन्छ ।

आजको प्रार्थना:

परमेश्वर, म तपाईको स्वरुपमा सृजिएको थिए र मेरो मनको स्थानलाई ओगट्ने एउटा स्वतन्त्र इच्छा मलाई दिईएको छ । म तपाईको दृष्टिकोणबाट कुराहरुलाई हेर्नेछु र मेरो जीवनलाई तपाईको इच्छामा छोड्छु ।

आजको बाईबल खण्ड:

रोमी १२:२ यस संसारको ढाँचामा नचल, तर आ□नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तन होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

## केही कुराहरु खराब भयो भन्दैमा हामी तिनीहरुलाई अझ खराब बनाउन हुँदैन

सन्त थोमस एक्वीनसले भन्नुभयो, " क्रिया देखाउ । प्रतिक्रिया होइन ।" यो सल्लाह असल छ र विचार योग्य पनि छ । जीवनमा नकारात्मकताको चावहरु, क्षणहरु र अवस्थाहरु प्रति प्रतिक्रिया दिने धेरै अवसरहरु आउँछन् । त्यो जस्तो सुकै खराब भए पनि अहिलेको लागि ठीक छ, मेरो कुरा पत्याउनुहोस्, यसलाई तपाईले अझ खराब बनाउन सक्नुहुन्छ ।

शरीरको सुखसयलको कारण प्रतिक्रिया गर्न आफूलाई नदिनुहोस्, वा तपाईले छणिक अवस्था सिर्जना गर्नु भएको होला तर दिर्घ समस्या बन्न सक्छ । पर्वतहरु तिलको पाहाडहरु बन्न सक्छ यदि हामी हाम्रो समस्याहरुको सामना ठीक तरिकाले गर्नलाई सिक्छौं भने मात्र । तपाई किन त्यो अवस्थाबाट भएर जाँदै हुनुहुन्छ भन्ने कुरा होइन तर, कसरी तपाई त्यसबाट भएर जाँदै हुनुहुन्छ भन्ने हो । तपाई समस्याको गहिराईमा नगैकन त्यसबाट बाहिर आउने मार्ग तय गर्नुहोस् ।

आजको प्रार्थना:

येशू, आजै तपाईलाई मेरो विजयको स्रोतको रुपमा घोषणा गर्छु । थुमाको रगत र मेरो गवाहीद्धारा म एक विजयी व्यक्ति हूँ । जब समस्याहरु आउँछन्, तपाईको अनुग्रह र तपाईको दयाले मलाई स्थिर राख्नेछ । कठिन अवस्थाहरु अझ कठिन नबाउन चाहिने बुद्धिको तपाईको आवाजलाई म सुन्नेछु ।

आजको बाईबल खण्ड:

२ तिमोथी ३:११ मेरा सतावटहरु र मेरा कष्टहरु- एन्टिओखियामा, आइकोनियनमा, र लुस्त्रामा ममाथि के पर्न आयो र कस्ता-कस्ता सतावटहरु सहें, तापनि ती सबैबाट प्रभुले मलाई बचाउनुभयो ।

१ पत्रुस ५:८ सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ ।

## मार्च २०

# तपाईको जीवनको कथाको अन्त्य भएको छैन, तर तपाईको भविष्यको लागि गरिने तपाईको चुनावद्धारा यसलाई लेखिनेछ

जीवन परमेश्वरद्धारा मात्र लेख्न सकिने पटकथा हुनुपर्छ, एउटा कथा जुन वर्षहरुमा प्रत्येक चोटी खोलिदाँ एउटा नयाँ अध्याय खुल्दछ । हाम्रो जीवन कथा अन्तिम कुरासितै र हामीले बनाएको खराब भूलसितै तुङ्गिदैन । पत्रुसको जीवन ख्रीष्टलाई इन्कार गर्दाखेरी नै सकिएन, न त दाऊदको नै सकिएको थियो जब उनले आ□नो असल मित्रको हत्या गरेका थिए ।

हरेक दिन परमेश्वरले हाम्रो जीवनका लागि उहाँको इच्छा रोज्ने अवसर हामीलाई दिनुहुन्छ । एकदिन अरुहरुले तपाईको जीवन कथा, तपाईको शुरुवातको नभई, कहाँ गएर अन्त्य भयो, त्यसको कथा भन्नेछन् । आजैबाट सही कुराको छनौट गर्न शुरु गर्नुहोस् र तपाईको पहिलेको गलत छनौटलाई पछि छोड्दै लोमो समय सम्म दिर्घ भई बाँच्नलाई परमेश्वरको अनुग्रहलाई खोज्नुहोस् । तपाईको जीवन कथा अन्त्य भएको छैन, तर तपाईको भविष्यको लागि गरिने तपाईको चुनावद्धारा यसलाई लेखिनेछ ।

आजको प्रार्थना:

पिता, विगतलाई सिक्ने अनुभवको रुपमा सिकाईको लागि प्रयोग गर्न मलाई सहायता गर्नुहोस् । प्रभु, म तपाईको अनुग्रहको लागि प्रार्थना गर्दछु ताकि मेरो भविष्य र मेरा प्रियहरुका भविष्यका लागि म स्तरिय तयारी गर्नलाई र निर्णयहरु गर्न सकौं । मेरो जीवनको प्रत्येक अध्यायहरुका लागि र रोजाईहरुका लागि तपाईको इच्छा प्रकट गर्नुहोस् ।

आजको बाईबल खण्ड:

फिलिप्पी ३:१३-१४ भाइ हो, मैले यी सब पकिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु, कि पछाड़िका कुराहरु बिर्सेर र अगाड़िका कुराहरुतिर जोड़सँग लम्कदैं ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अगि बढ्दछु ।

यशैया ४३:१९ हेर, म एउटा नयाँ कुरो गर्दैछु ! त्यो अब हुन आउँछ । के तिमीहरु त्यो देख्दैनौं ? म मरुभूमिमा एउटा बाटो र रुखो जमीनमा खोलाहरु बनाउँदैछु ।

## अगुवापनका वैद्य होस् वा अवैद्यिक आवजहरु... दुवैले प्रभावको अभ्यास गर्दछ

येशूले अगुवापनमा आफैलाई चिनाउनुभयो । उहा‘‘ले विचारलाई निर्दिष्ट गर्नुभयो, मानिसलाई अगुवाई गर्नुभयो, तिनीहरुलाई सत्यतातिर केन्द्रित गराउनुभयो र प्रेम, क्षमा र अनन्त जीवनको बाटो देखाउनुभयो । अगुवापनको परिभाषित गर्ने शुरुवात येशूबाट हो । अगुवापनको सा‘‘चो आवाज करुणा, शक्ति, सुसमाचार र राज्यको वृद्धिले पूर्ण हुन्छ ।

धेरै मानिसहरुले अरुमाथि प्रभावको अभ्यास गर्दछन् र वैद्य माध्य बिना नै अगुवापनमा आएर मानिसहरुलाई अगुवाई गर्ने प्रयत्न गर्दछन् । एउटा वैद्य होस् वा एउटा अवैद्यिक अगुवा तिनीहरुले अभ्यासले प्रभावको मात्रको आधारमा प्राय भेट्टाउन सक्दैनौं, तर बरु कसरी तिनीहरु शक्तिमा आए भनी हो । यो आवश्यक छ कि हामीले परमेश्वरद्धारा शक्तिशाली परिएका वैद्य अगुवाको आवाजलाई सुन्न र सर्वमान्य र थाहा भएको प्रक्रियाको माध्यमद्धारा भएर पदमा आउन जरुरी छ । स्वःनियुक्त भएको अगमवक्ताहरु देखि सावधान ।

आजको प्रार्थनाः

पिता, म भित्र भएको वरदानहरुलाई चिन्न मलाई सामर्थ्य र अनुग्रह दिनुहोस् र तपाईको शक्ति र प्रेमका साथ मबाट ती वरदानहरुलाई काम गर्नलाई सहमति दिनुहोस् । मलाई प्रभाव पार्ने आवाज पहिचान गर्नलाई मलाई मद्दत गर्नुहोस् ।

आजको बाईबल खण्डः

१ कोरिन्थी ९:२६, २७  यसकारण लक्ष्य नराखी म दगुर्दिन । हावामा मुक्का हान्नेले जस्तो म मुक्का हान्दिन‘‘ । तर म आÏनो शरीरलाई कठोरतासाथ सधाउँछ, र यसलाई वशमा राख्तछु, नत्रता अरुहरुलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु ।

याकूब ३:१ भाइ हो, तिमीहरुमध्ये धेरै जना शिक्षक नहोओ । किनकि तिमीहरु जान्दछौं, हामी शिक्षा दिनेहरुको न्याय अझ कठोर रुपले हुनेछ ।

## परमेश्वरको नाति-नातिना छैनन्

परमेश्वरले उहाँको परिवार पुरुषहरु, स्त्रीहरु, केटाहरु र केटीहरु, सबै उमेर समूहका मानिसहरु, राष्टहरु, जातिहरु, भाषा-भाषिहरु, हरेका पिता हुनलाई बनाउनुभएको छ । हरेक व्यक्ति यस सम्बन्धमा आफै नयाँ पाएका छन् । परमेश्वरको नाति-नातिना छैनन्, केवल छोराछोरीहरु मात्र छन् । सत्यता यो हो कि तपाईको आमा परमेश्वरको छोरी भईन भने स्वतः तपाई उहाँसितको सम्बन्धमा हुनुहुन्छ भन्ने ग्यारेन्टि छैन । प्रत्येक व्यक्तिले नयाँ जन्म पाएकै हुनुपर्छ ।

यसकारणले गर्दा, हाम्रो साक्षीको काममा निरन्तर हुनै पर्छ ताकि अरुहरु हाम्रो पिता तिनीहरुको पिता हुन भनी थाहा गर्न सकून । मैले परमेश्वरको वचनमा जसले येशूलाई व्यक्तिगत रुपमा प्रभु र मुक्तिदाता भनी स्वीकारेको छैन, त्यसको लागि स्वर्गमा केही आशा छ कि भनी हेरे... मैले एउटा पनि पाईन । तपाईले नयाँ जन्म पाएको हुनै पर्दछ ।

आजको प्रार्थना:

प्रिय प्रभु, जसै तपाई मेरो पिता हुनुहुन्छ मलाई सम्बन्धको बारे अझ बढी सिकाउँनुहोस् । मलाई अरुहरुलाई तपाई कहाँ अगुवाई गर्नलाई चाहिने भित्री तीव इच्छा दिनुहोस् । तपाईको इच्छा बमोजिम तपाईको परिवारमा मलाई स्थान दिनुहोस्, येशूको नाउँमा, आमेन ।

आजको बाईबल खण्ड:

रोमी ८:१६ त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो ।

गलाती ३:२६ किनकि विश्वासद्धारा तिमीहरु सबै खीष्ट येशूमा परमेश्वरका सन्तान हौं ।

१ यहून्ना ५:२ जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरु पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं ।

## कोही व्यक्तिहरु परमेश्वरले तिनीहरुलाई दिनुहुने उत्तमता भन्दा कममा र परमेश्वरको लागि तिनीहरुको उत्तमता भन्दा कममा चित्त बुझाउँछन् किनभने तिनीहरुसित वर्तमानको भन्दा पर हेर्न सक्ने दर्शन छैन

"हामीले तपाईको बारेमा सुनेका छौं । हामीलाई थाहा छ कि परमेश्वर तपाईको साथमा हुनुहुन्छ, र तपाईले जित्नुहुनेछ । " यही कुरा नै राहावले उनकहाँ त्यसदिन आएका त्यी दुई आगुन्तकहरुलाई भनिन् । तिनलाई यी दुवै जना जासुस हुन जसलाई कसैले रोक्न नसकेको शक्तिशाली आक्रमण गर्ने शत्रुले पाठाएका थियो भनी थाहा थियो । तिनलाई उनीहरु विजयी हुनु परमेश्वर उनीहरुसित हुनभएको कारण हो भन्ने पनि थाहा थियो । राहावको जीवन र उनको शहर सदाको लागि बद्लन गइरहेको थियो । तिनले के गर्न सक्थिन र ? तिनले इस्राएलीहरुलाई मद्दत गर्नलाई स्वीकारिन, र उनलाई र उनको परिवारलाई आक्रमणको समयमा सम्झना राख्नलाई आग्रह गरिन् । किनभने राहाबसित तिनमा वर्तमान अवस्था, जुन भर्खरै शुरुभएको थियो, त्यो भन्दा परको दर्शन थियो ।

जीवन गतिशील छ, सधैं परिवर्तन भइरहने । केहिले-कही राम्रो, कहिले-कही खराब, परिवर्तन हाम्रो यात्राको एउटा साधारण भाग हो । राहाबले जस्तै, हामीले हाम्रो वर्तनमा आवस्था भन्दा परको एउटा दर्शन देख्न आवश्यक छ । जसै हामी आफैलाई परमेश्वरमा समर्पित गर्दछौं, यो शुरु हुन्छ र हाम्रो जीवनमा उहाँको योजनाका साथ आउँछ । परिवर्तन आउँदै छ र जब हामी परमेश्वरको योजनासित जोडिएका छौं यससित हामी डराउनु पर्दैन ।

आजको प्रार्थना:

पिता, मलाई थाहा छ कि मेरो भविष्यको लागि तपाईमा भरोसा राख्न सक्दछु । कृपया कसरी तपाईले मेरो लागि राख्नुभएको अर्को अद्भूत अनुभवको लागि तयारी गर्ने भनी मलाई देखाउनुहोस् र मेरो जीवनमा कसरी तपाईको काम गर्ने भनी देखाउँनुहोस् । कृपया मेरो वर्तनमाको अवस्था भन्दा परको देख्ने एउटा दर्शन मलाई दिनुहोस् ।

आजको बाईबल खण्ड:

हिब्रु ११:३१ जासूसहरुलाई राम्रो स्वागत गरेकी हुनाले अनाज्ञाकारीहरुका साथमा राहाब वेश्या नाश भइनन् ।

हितोपदेश २३:१७-१८ तेरो हृदयलाई पापीहरुको डाह गर्न नदे, तर परमप्रभुका भयको निम्ति उत्सुक भइरह । निश्चय नै भविष्यमा तेरो निम्ति आशा छ, र तेरो आशा व्यर्थ जानेछैन ।

## परमेश्वरले जे तपाईबाट अरुलाई दिनसक्नुहुन्न त्यो तपाईलाई दिनु हुन्न

ईस्राएलको मृत सागरिय क्षेत्र एउटा मनोहर क्षेत्र हो । यो पृथ्वीको समुद्र सतह भन्दा सबै भन्दा तल्लो क्षेत्र हो । यसलाई मृत सागर भन्नुको कारण के हो भने, यसमा यति धेरै खनिज छ कि यसमा कुनै जीवन भएको प्राणी रहन असम्भव नै छ । यो अद्भूत र सुन्दर पानीको किनारमा उभिइनु र कुनै माछा नहुनु, जीवनको कुनै पनि संकेत नदेखिनाले र यसमा पानी पिउन आउने कुनै पनि पक्षीहरु नहुदाँ अतिनै अदुभूत अनुभूति हुन्छ । खनिजको मात्र अति नै बाक्लो छ र पानी अति नै घनत्वमा छ कि त्यसको पानीमाथि बिनै कुनै शक्ति खर्ची वहन सक्छौं ।

यो एउटा मात्र कारणले मृत छ : यर्दनबाट बग्ने ताजा जिवनले भरिएको पानी र यसको धेरै ताजा पानीको सहायक मुहानहरुका कुनै निकासको नै छैन । जे मृत सागरमा बहेर आउँछ त्यो मृत सागरबाट भएर बग्न सक्दैन । त्यसकारण, मृत सागर, सधैं लिदँछ तर कहिल्यै दिँदैन, जुन खनिजले पूर्ण छ तर एकदम मृत छ । मृत सागर जस्तै नहुनुहोस् ।

आजको प्रार्थना:

पिता, मेरो हृदयलाई तपाईको जस्तै बनाउनुहोस् । मलाई कसरी लिने भन्ने होइन तर कसरी दिने व्यक्ति हुने भनी देखाउँनुहोस् । तपाईले मलाई दिनुभएको थोक अरुको जीवनमा लगानी गर्ने इच्छामा मलाई वृद्धि गर्नुहोस् ।

आजको बाईबल खण्ड:

मत्ति २५:२९ किनभने जससँग छ त्यसलाई अरु दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ । तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ ।

हितोपदेश ११:२४ एउटा मानिसले उदार हातले दिन्छ र अझ बढ़ी पाउँछ, अर्काले दिन सक्ने पनि दिँदैन, र दरिद«तामा पर्छ ।

उत्पत्ति १२:२ म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष् दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिष्को मूल हुनेछस् ।

## परमेश्वरले कहिल्यै हामीलाई असफल हुन दिनुहुन्न ताकि उहाँ असफल हुनुहोस्

परमेश्वरले कहिल्यै हामीलाई असफल हुन दिनुहुन्न ताकि उहाँ असफल हुनुहोस्, त्यो कुराको आशा दिनु हाम्रो लक्ष्य हो । गेतसमनेको बगैंचामा येशूले जस्तै, जहाँ उहाँले आफ्नो आवश्यकताको क्षणमा प्रार्थना गर्नु भयो, हामीले पनि हाम्रो परिक्षा र कष्टको समयहरुमा परमेश्वरको सहायतालाई खोजी गर्नुपर्दछ । येशूले क्रूसको मृत्यु, पिडा जुन कुराको लागि उहाँलाई पठाईएको थियो त्यसबाट छुटकाराको लागि प्रार्थना गर्नुभयो । यद्दपि, उहाँको तीनवटै प्रार्थनाहरु प्रत्येक चोटी आफ्नो इच्छालाई कल्चनुभयो र भन्नुभयो," मेरो इच्छा होइन, तर तपाईको इच्छा पूरा भएको होस् ।"

संकष्टको समय पाईने सजिलो मद्दत परमेश्वर हुनुहुन्छ र उहाँले हामीलाई कहिल्यै त्याग्नुहुन्न न त कहिल्यै छोड्नु हुन्छ । उहाँले भन्नुभयो कि हामी गर्वका साथ भन्नेछौं, " परमेश्वर मेरो सहायक हुनुहुन्छ, को सित म भयभित हुने ?" त्यसकारण, परमेश्वरको वचनको सत्यता माथि उभिनुहोस् र पूरा विश्वासका साथ परमेश्वरले तपाईलाई कहिल्यै असफल हुन दिनुहुन्न भन्ने सत्यतालाई स्वीकार्नुहोस् ।

आजको प्रार्थना:

प्रभु मेरा सबै कामबाट तपाईलाई खुशी तुल्याउन चाहान्छु । जब जीवनमा समस्याहरु, परिक्षाहरु र जाँचहरुको दबाव आउँछन्, मेरो पुकारा सुन्नुहोस् र मेरो शुत्रहरुबाट छुटाउनुहोस् ताकि मेरो विश्वास कहिल्यै तपाईबाट दगमगाओस् । हे प्रुभ, यही नै मेरो इच्छा छ कि तपाईको इच्छा पूरा होस् ।

आजको बाईबल खण्ड:

भजनसंग्रह ११९:३२ म तपाईका आज्ञाहरुको मार्गमा दौड़न्छु, किनकि तपाईले मेरा हृदयलाई स्वतन्त्र पारिदिनुभएको छ ।

भजनसंग्रह २७:१३ मलाई अझ पनि विश्वास छ कि जीवितहरुको देशमा परमप्रभुको उत्तमता म देख्नेछु ।

हिब्रु १३:५-६ तिमीहरुका जीवन रुपैयाँपैसाको मोहबाट अलग्ग राख । तिमीहरुसँग भएका कुरामा सन्तुष्ट बस्, किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरुलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरुलाई त्याग्नेछैनँ ।"

# पापको कुनै सिमा हुँदैन

गन्ती २२ देखिबाट ३१ अध्यायहरु सम्म दिईएको बालामको कथाले पापको प्रगतिको बारेमा भन्दछ । पापलाई त्यतिकै छाडिदिएमा यो असल होइन झन् खराब हुँदछ । नयाँ करार अनुसार, बालामको पाप शुरुवात उसको भूमिकामा आएको एउटा भूल मात्रबाट भएको थियो । वेवास्ता, चूनौतीहिन र बिना परिवर्तन, बालामले आ□नो जीवनमा आ□नो विश्वासलाई बेवास्तापनलाई निरन्तरता दिई पापलाई अङ्कुराउन र बढ्न दियो ।

पापले अन्तमा बालामको जीवनमा पूर्ण नियन्त्रण लियो र, अन्त्यमा, उसको सेवकाई र जीवनको नै मूल्य चूकाउनु पऱ्यो । हाम्रो विचारहरु, योजनाहरु र क्रियाकलापहरुमा मात्र होइन, पापले त्यसलाई दिने वा नदिएको पनि सबै कुरालाई सखाप पार्छ ।

आजको प्रार्थना:

परमेश्वर, मेरो पापलाई उठाईलैजान ख्रीष्ट येशू कलबरीको क्रूसमा मर्नुभयो । उहाँले बगाउनुभएको रगतद्धारा मलाई पाप क्षमाका लागि दिनुभएको मौकाको लागि धन्यवाद छ । पापले मेरो जीवनमा कुनै जरा गाड्न र फल फालउन नदिने म तपाई सित प्रतिज्ञा गर्दछु । म आफैलाई जाँच्नेछु, आफैलाई चूनौती दिनेछु र आवश्यकता अनुसार परिवर्तन हुनेछु । हे परमेश्वरलाई मलाई सहायता गर्नुहोस् ।

आजको बाईबल खण्ड:

यहूदा १:११ तिनीहरुलाई धिक्कार छ ! किनकि तिनीहरु कयिनको चालमा हिँड्छन्, लाभको खातिर बालामको भूलमा फस्दछन् र कोरहरुको विद्रोहमा जस्तै नष्ट हुन्छन् ।

रोमी ६:१२  यसकारण शरीरका अभिलाषाहरुअनुसार चल्नु नपरोस् भनी तिमीहरुका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ ।

याकूब १:१५ तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ । अनि पाप पूरै बढ़ेपछि त्यसले मृत्यु ल्याउँछ ।

## पापले तपाईलाई तपाईले जान चाहानुभएको भन्दा टाढा लिएर जान्छ, तपाईले इच्छा गर्नुभएको भन्दा बढी दिन राख्छ, र तपाईले तिर्नलाई इच्छा गर्नुभएको भन्दा बढी मूल्य तिराउँछ

बालामको कथा गन्तीको पुस्तकमा पनि निरन्तरतामा छ र बालाम पापको गहिराईमा भास्दिै गएको कुरालाई देखाउँछ । शुरुमा त उनले केवल पापको बिचारलाई मात्र आउँन दिएको थियो । तैपनि, बालामको जीवनमा पाप यहाँ सम्म वृद्धि भई फैलियो कि त्यो अब एउटा गल्ती र भूल मात्र भएन । अब यो जीवनको एउटा भाग भएको थियो । बालामको लोभले अन्तमा उसको उत्तम कुरालाई पनि लियो ।

वेवास्ता गरिएको, चूनौतिहिन, र नजाँचिएको पापले प्रत्येक कदम-कदममा एउटा व्यक्तिलाई वर्वाद परिदिन्छ । पापले तपाईलाई तपाईले जान चाहानुभएको भन्दा टाढा लिएर जान्छ तपाईले इच्छा गर्नुभएको भन्दा बढी दिन राख्छ, र तपाईले तिर्नलाई इच्छा गर्नुभएको भन्दा बढी मूल्य तिराउँछ । तपाईले पापलाई“ म यस्तै छु” भनी वाहान गर्न दिन सक्नुहुन्न । गल्तीहरु र भूलाहरुलाई त्यतिकै छोडिदिएमा त्यो जीवनको एक भाग बन्दछ, र जीवनको एक भागलाई छाड्ने चूनौति र परिवर्तन गर्न कठिन हुन्छ ।

<u>आजको प्रार्थना:</u>

पिता, मलाई मेरो पापलाई हल्का लिन अथवा मलाई पवित्र आत्माले दिनुभएको चूनौति, परिवर्तन र जाँच गर्ने मौकालाई वेवास्त नगर्नलाई सहायता गर्नुहोस् । मलाई दुरदृष्टि र आफैलाई पापबाट टाढा राख्ने शक्ति दिनुहोस् । पिता, तपाईलाई धन्यवाद छ ।

<u>आजको बाईबल खण्ड:</u>

२ पत्रुस २:१५ सोझ्हाले मार्ग छोड़ेर तिनीहरु कुमार्गमा लागेका छन् । खराब कामको लाभ असल मान्ने बओरको छोरो बालामको पछि तिनीहरु लागेका छन् ।

रोमी ६:१४ किनकि पापले तिमीहरुमाथि राज्य गर्नेछैन, किनकि तिमीहरु व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं ।

१ कोरिन्थी ६:१८ व्यभिचारदेखि अलग बस ...

## हामी हाम्रो पापमा मात्र नाश हुँदैनौं... हामीसित अरुहरुलाई पनि लाग्छौं

बालमको कथाको अन्तिम अध्यायले एउटा मानिस जो पापमा यति दुबेको छ कि आफैलाई पनि उसले छलेको छ भन्ने कुरालाई प्रकट गर्दछ । उसले इस्राएलीहरुलाई परमेश्वरको क्रोधको कोपको कारण सराप्न नसके तापनि, यद्दिपि, उसले अरुहरुलाई कसरी परमेश्वरको सन्तानहरुलाई हराउन सकिन्छ भनी सकाउने काम गऱ्यो । प्रकाश २:१४ अनुसार, बालामको पाप जुन एउटा भूलबाट शुरु भएको थिया र पछि जीवनको एउटा भाग बन्न पुग्यो, अन्त्यमा एउटा सिद्धान्तको रुपमा अङ्लालियो । बालामले कसरी इस्राएलीहरुका अघि रोकावट हालिदिने भनी अरुहरुलाई सिकाएँ ।

जब पापलाई एउटा मानिसको जीवनमा पूरा चक्र लगाउनका लागि अनुमति दिईन्छ, त्यसले अरुहरुलाई नरकको खाल्डोमा पर्नलाई पछ्‌ताउनका लागि प्रभावित गर्दछ । आफैलाई  आज जाँच्नुहोस्, चूनौति दिनुहोस् र तपाईको मार्गलाई परिवर्तन गर्नुहोस् । शैतानलाई कुनै स्थान नदिनुहोस्, ताकि उसले तपाई माथि मौका नपाओस् ।

आजको प्रार्थना:

मेरो पिता, पापलाई मन दिएको र मेरो जीवन स्थान दिएको लागि मलाई क्षमा गर्नुहोस् ।  म प्रार्थना गर्दछु कि मेरो पापको  अति प्रभाव परेका त्यी सबै कुराहरुबाट मलाई छुटाउनुहोस् । मलाई पछ्याउने र मेरा कुराले सुन्नेहरुले तपाईलाई पछ्याउन सकूँन । आमेन ।

आजको बाईबल खण्ड:

प्रकाश २:१४ तर तिमीहरुका विरुद्धमा मसँग केही कुराहरु छन्, किनभने तिमीहरुसँग यस्ता कोही-कोही छन्, जसले बालामको शिक्षा मान्छन् । इस्राएलीहरुका अगाड़ि ठोकरको कारण बनून् भनी मूर्तिहरुलाई चढ़ाएको भोजन खान र व्यभिचार गर्न बालामले बालाकलाई सिकाए ।

१ कोरिन्थी ११:१ मेरो अनुसरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुकरण गर्दछु ।

यहोशू २२:२० जेरहको छोरो आकानले अपर्ण गरिएका मालमा अपराध गरेको थिएन ? अनि क्रोध इस्राएलको सारा समुदायमाथि परेको थियो । त्यो मानिस मात्र आफ्नो अपराधको कारणले मरेको थिएन ।

## जीवन एउटा जाँच हो...यसलाई पास गर्नुहोस्

जीवनको सबै भन्दा कठिन परिक्षाहरु र जाँचहरुका उत्तर परमेश्वरको पवित्र वचनमा पाउन सकिन्छ । धेरै पटक हामीले सामना गर्दै गरेको अवस्थाहरु र परिस्थितीहरुद्धारा जाँचिएको हामीलाई अनुभव हुन्छ । समय-समयमा जीवन कठिन हुन सक्छ, र हामी मध्ये केही राम्रो परिक्षा दिने व्यक्ति नहुन पनि सक्छौं ।

जेहोस्, एउटा असल समाचार छ ! प्रत्येक जाँच एउटा खुल्ला किताब जुनको उत्तर बाईबलमा दिईएको छ, त्यो मात्र नभई, तर हामीलाई प्रश्नहरु गर्नलाई उत्साहित पनि गरिएको छ र हाम्रो शिक्षहरु र अरुहरु जसले पहिले नै त्यही परिक्षाहरु दिईसकेका छन्, तिनीहरुबाट केही मद्दत लिन पनि भनेको छ । त्यसैले, यसपटक तपाईले जाँचमा सफलता पाउन भएन भने खिन्न नहुनुहोस्, यसलाई अर्को पटक पनि दिने तपाईसित मौका छ ।

### आजको प्रार्थना:

पिता, तपाईको वचनबाट मैले महशुस गरे कि तपाईको सन्तानलाई तपाईले खराब किसिमले परिक्षित गर्नुहुन्न । मेरो मार्गमा आउने खराबीको लेखक तपाई हुनुहुन्न भन्ने मलाई थाहा छ । मेरा सबै समस्याहरुका उत्तर तपाई हुनुहुन्छ । मलाई तपाईको वचन सिकाउनुहोस् र मलाई अरुहरुका जीवनको जाँचहरुमा पनि तिनीहरुलाई मद्दत गर्ने मौका दिनुहोस् । बाईबलको लागि तपाईलाई धन्यवाद ।

### आजको बाईबल खण्ड:

२ तिमोथी ३:१६,१७ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।

याकूब १:१३ परीक्षा हुँदा कसैले पनि यो नभनोस, " परमेश्वरद्धारा मेरो परीक्षा भएको हो ।" किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न ।

# तपाईले येशूको निम्ति प्रभावित पार्नुहुने व्यक्तिहरु त्यी हुन सक्छन् जसलाई तपाईले कहिल्यै भेट्न सम्म भएको छैन

हामीले चिनेकाहरु भन्दा त्यहाँ धेरै व्यक्तिहरु छन् जसलाई हामीले चिनेका छैनौं । यसले हामीलाई यो दृष्टिकोण राख्न मद्दत गर्दछ कि हाम्रो भविष्यको अवधारणा हाम्रो विगतको समफताहरु भन्दा सधैं बढी महत्वपूर्ण हुन्छ ।

यहिले सम्म कति व्यक्तिहरुलाई हामीले गवाही दिएका छौ भन्ने कुरालाई विचार नगरी, धेरै संख्याका मानिसहरु जसलाई येशूको निम्ति हामी प्रभावित पार्न सक्ने मानिसहरु ती हुन् जसलाई हामीले कहिल्यै भेटेका छैनौं... सम्भवत:मानिसहरु जो अहिल्यै सम्म जन्मेका पनि छैनन् होलान् भन्ने कुरा सुन्न हामी उत्साहित हुन सक्छौं । मानिसलाई प्रभुको खाँचो छ र मानिसहरु उहाँलाई सुन्न पर्खिबसेका छन् ... एक दम धेरै संख्यामा मानिसहरु ! आज कुनै नयाँ मानिसलाई भेट्नुहोस् ।

आजको प्रार्थना:

परमेश्वर, म तपाईको लागि आत्मा जित्ने व्यक्ति हुन चाहान्छु । मलाई मानिसहरुको समात्ने व्यक्ति बनाउनुहोस् र मेरो लागि पाकिराखेको फसलको खेत देखाउँनुहोस् । मेरो विचारलाई राखिराख्न र धेरै मानिसहरुले अहिले सम्म येशूको बारेमा सुनेका छैनन् भन्ने कुरालाई महशुस गर्न मलाई मद्दत गर्नुहोस् ।

आजको बाईबल खण्ड

यहून्ना ४:३५ के तिमीहरु भन्दैनौ, " अझ चार महीना बाँकी छ, तब बाली काट्ने बेला आउँछ ? म तिमीहरुलाई भन्दछु, आ□ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ ।"

मत्ति ४:१९ उहाँले तिनीहरुलाई भन्नुभयो, " मेरो पछि लाग, र म तिमीहरुलाई मानिसहरुका मछुवा तुल्याउनेछु ।"

लूका १०:२ उहाँले तिनीहरुलाई भन्नुभयो, " फसल त प्रशस्त छ, तर खेतालाहरु थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आ□नो फसलमा खेतालाहरु पठाइदिऊन् ।

## जहाँ हामी परमेश्वरसित रेखा खिच्छौं त्यहाँ उहाँले कुनै अर्को व्यक्तिलाई खडा गर्नुहुन्छ

परमेश्वरसित एउटा योजना छ र उहाँले त्यो पूरा गर्नुहुनेछ । यद्दपि हामीबाट मद्दत लिन उहाँले रुचाउनु नभएता पनि, हामी कसैको मद्दत बिना नै त्यो उहाँ गर्न सक्नुहुन्छ । उहाँसित एउटा योजना छ । उहाँले त्यसलाई पूरा गर्नुहुनेछ र त्यसमा सहभागी हुने हामीसित एउटा अवसर छ । तैपनि, मिश्रबाट आएको इस्राएलीका पुस्ता झैं, तिनीहरुले परमेश्वरको योजनालाई नपछ्याएका र प्रतिज्ञाको देशलाई पूर्ण नजितेका भएतापनि, उहाँले आ□नो योजनालाई छोड्नुभएन... उहाँले अरु कसैलाई नै भेट्टाउनु भयो जसले उहाँको योजना पूरा गर्‍यो ।

एस्तरलाई मोर्दकैले भनेंकि भय नमानिकन, उनलाई परमेश्वरले जे भन्नुभएको छ सो गर, र परमेश्वरले त्यो काम गर्न अरु कसैलाई उठाउनुहुनेछ, तर उनले र उनको परिवारले त्यो मौका गुमाउनेछौं । बालुवामा परमेश्वरसित रेखा नकोर्नुहोस् र उहाँसित उसले धेरै प्रभाव पार्छ भनी नसोच्नुहोस् । जहाँ हामी परमेश्वरसित रेखा खिच्छौं त्यहाँ उहाँले अर्को व्यक्तिलाई अझ अगाडि जानलाई खडा गर्नुहुन्छ, र प्राय हाम्रो सहायता बिना नै तिनीहरु अगाडि बढ्छन् ।

आजको प्रार्थना:

परमेश्वर, मलाई तपाईको योजनामा समावेश गर्नुभएको निम्ति तपाईलाई धन्यवाद दिन्छु । मेरो जीवनमा तपाईले राख्नुभएको तपाई सबै इच्छाहरु गर्न म चाहान्छु । जस्तो सुकै काम र त्यसको मूल्य तिर्नु परेता पनि म तपाईलाई पूर्ण रुपमा पछ्याउनेछु ।

आजको बाईबल खण्ड:

प्रेरित २०: २४ तर म आ□नो जीवनलाई कुनै मोलको र आ□नो निम्ति प्रिय ठान्दिनँ । यति मात्र चाहन्छु, कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड़ र प्रभु येशूबाट मिलेको मेरो सेवकाइ म पूरा गर्न सकूँ ।

२ तिमोथी ४:७ मैले उत्तम लड़ाइँ लड़ेको छु । मैले दौड़ सिद्धयाएको छु । मैले विश्वासलाई बचाइराखेको छु ।

गन्ती १४:२४ तर मेरो दास कालेबमा अर्कै आत्मा छ, र त्यसले पूरै रीतिले मेरो अनुसरण गरेको छ । यसैकारण त्यो पसेर आएको देशमा म त्यसलाई लैजानेछु र त्यसका सन्तानले त्यो अधिकार गर्नेछन् ।